**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो, अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षाका लागि अन्तरसरकारी समितिको २० औं सत्र आयोजना गर्नु भारतको लागि ठूलो गर्वको क्षण हो।

२. राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वार्षिकोत्सवमा आज लोकसभामा विशेष चर्चा सुरु हुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले लोकसभामा चर्चा सुरु गर्नुहुनेछ।

३. भारतले चीनसँगको आर्थिक सम्बन्धलाई अझ सुदृढ गर्दै सांघाईमा नयाँ वाणिज्य दूतावास भवनको उद्घाटन गरेको छ।

४. गोवा पुलिसले अर्पोरा नाइटक्लबमा भएको ठूलो आगलागीको घटनामा क्लबका महाप्रबन्धक र तीन कर्मचारीसहित चारजनालाई पक्राउ गरेको छ।

५. जर्मनीले जुनियर विश्वकपको सेमिफाइनलमा आयोजक भारतलाई ५-१ ले पराजित गरेको छ।

**प्रधानमन्त्री युनेस्को**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको लागि सम्पदा कहिल्यै पनि पुरातानको मोह नभएको बरु ज्ञान र समुदायको निरन्तर प्रवाहको प्रतीक भएको बताउनु भएको छ। श्री मोदीले नयाँ दिल्लीमा अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षाका लागि युनेस्को अन्तरसरकारी समितिको २० औं सत्रको उद्घाटन समारोहमा आफ्नो सन्देशमा उक्त कुरा भन्नु भएको छ। उहाँले भन्नु भयो, भारतको "विकास भी, विरासत भी" को नाराले आधुनिकीकरण र शहरीकरणले सांस्कृतिक जड़लाई उन्मूलन गर्नुको सट्टा संस्कृतिलाई बलियो बनाउने कुरा सुनिश्चित गर्ने प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। प्रधानमन्त्रीले भन्नु भयो, भारतले कुनै पनि परम्परा, कुनै कलाकार र कुनै पनि समुदायलाई बेवास्ता वा समर्थनबिना नराख्ने कुरा सुनिश्चित गरिरहेको छ। श्री मोदीले भन्नु भयो, अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षाका लागि अन्तरसरकारी समितिको २० औं सत्र आयोजना गर्नु भारतको लागि ठूलो गर्वको क्षण हो।

**बाइट**

**युनेस्को सम्पदा**

युनेस्को अन्तरसरकारी समितिको २० औं सत्र आज नयाँ दिल्लीको लाल किल्लामा सुरु हुँदैछ। युनेस्कोका लागि भारतका राजदूत तथा स्थायी प्रतिनिधि विशाल वी. शर्माले सत्रको अध्यक्षता गर्नु हुनेछ। भारतले यस वर्ष प्रकाश, भ्रातृत्व, करुणा र सामुदायिक उत्सवको पर्व दीपावलीलाई युनेस्कोको अमूर्त सम्पदा सूचीमा मनोनित गरेको छ। केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले भन्नु भयो, स्वतन्त्र मूल्याङ्कन निकायहरूद्वारा समीक्षा भइसकेको प्रस्तावमाथि सत्रको समयमा छलफल गरिनेछ र सरकार सकारात्मक परिणामको लागि विश्वस्त छ।छ दिने कार्यक्रमको उद्देश्य युनेस्कोको अमूर्त सांस्कृतिक सम्पदा सूचीमा समावेश गर्न सदस्य राष्ट्रहरूद्वारा पेश गरिएका मनोनयनहरूको जाँच गर्नु, अवस्थित सम्पदा स्थलहरूको स्थिति समीक्षा गर्नु र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्नु हो। सत्रको उद्घाटन समारोह हिजो नयाँ दिल्लीको लाल किल्लामा आयोजना गरिएको थियो। यस अवसरमा बोल्नु हुँदै विदेश मन्त्री एस. जयशंकरले भन्नु भयो, धेरै युनेस्को सम्पदा स्थलहरूको घर हुनुको साथै भारत आफैंले विश्वभर सम्पदा संरक्षण र प्रवर्द्धन गर्न धेरै परियोजनाहरू सुरु

गरिरहेको छ। डा. जयशंकरले भारतीय शहरहरू हैदराबाद र लखनऊलाई युनेस्कोको ग्यास्ट्रोनोमी शहरको रूपमा मान्यता दिएकोमा पनि सन्तुष्टि व्यक्त गर्नु भयो। उहाँले अमूर्त सम्पदाको संरक्षणमा युनेस्कोको कामको प्रशंसा गर्नु भयो।केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले भन्नु भयो, यो बैठकले जीवित परम्पराहरूको संरक्षण गर्ने देशको प्रतिबद्धतालाई अझ बलियो बनाउँछ। उहाँले थप भन्नु भयो, यी परम्पराहरूको संरक्षण गर्नु महत्त्वपूर्ण छ ताकि भावी पुस्ताहरूले विश्वको परम्परागत ज्ञान प्राप्त गर्न सकून्।

**वन्दे मातरम चर्चा**

राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वार्षिकोत्सवमा आज लोकसभामा विशेष चर्चा सुरु हुनेछ। आधिकारिक स्रोतका अनुसार प्रधानमन्त्री नरेन्द्र मोदीले लोकसभामा चर्चा सुरु गर्नुहुनेछ। संसदीय मामिला मन्त्री किरेन रिजिजुले भन्नु भयो, पूर्ण-दिनको छलफल दिउँसो १२ बजे सुरु हुनेछ। उहाँले थप्नु भयो, लोकसभा अध्यक्ष ओम बिर्लाको अध्यक्षतामा भएको सर्वदलीय बैठकले ८ दिसम्बरमा वन्दे मातरमको बारेमा चर्चा गर्ने र ९ दिसम्बरमा चुनावी सुधारको बारेमा बहस गर्ने निर्णय गरेको छ।

**भारत-चीन महावाणिज्य दूतावास**

भारतले चीनसँगको आर्थिक सम्बन्धलाई अझ सुदृढ गर्दै सांघाईमा नयाँ वाणिज्य दूतावास भवनको उद्घाटन गरेको छ। चीनका लागि भारतका राजदूत प्रदीप कुमार रावत र कन्सुल जनरल प्रतीक माथुरले नयाँ वाणिज्य दूतावास परिसरको उद्घाटन गरेका छन्। यो ३२ वर्षमा वाणिज्य दूतावासको पहिलो स्थानान्तरण हो।सांघाईको चाङनिङ जिल्लाको दाओनिङ केन्द्रमा अवस्थित नयाँ कार्यालय ठूलो र आधुनिक प्रकारको छ। यसले सेवाहरूमा सुधार गर्ने र यस क्षेत्रमा भारतको संलग्नतालाई बलियो बनाउने अपेक्षा गरिएको छ। वाणिज्य दूतावासले यो कदमले प्रधानमन्त्री नरेन्द्र मोदीको समावेशी विकासको दृष्टिकोणलाई प्रतिबिम्बित गर्ने बताएको छ।उद्घाटन समारोहमा ३० देशका महावाणिज्य दूतावास र भारतीय समुदायका ५०० भन्दा बढी सदस्यहरूको उपस्थिति थियो। भारतीय विद्यार्थीहरू, कलाकारहरू, गायकहरू र नर्तकहरूको सांस्कृतिक प्रस्तुतिले भारतको सौम्य शक्तिलाई उजागर गऱ्यो। यस अवसरमा प्रतीक माथुरले भारत सरकार र सांघाई अधिकारीहरूलाई उनीहरूको समर्थनको लागि धन्यवाद दिनु भयो।

**इन्डिगो-डीजीसीए सूचना**

नागरिक उड्डयन महानिर्देशनालय डीजीसीएले हिजो इन्डिगोका प्रमुख कार्यकारी अधिकारी पिटर अल्बर्स र अकाउंटेबल मैनेजर इसिड्रो पोरक्वेरसलाई उडान अवरोधहरूको बारेमा स्पष्टीकरण माग्दै कारण देखाउ नोटिसको जवाफ दिन थप समय दिएको छ। एक वरिष्ठ अधिकारीले हिजो भन्नु भयो, उनीहरूलाई आफ्नो प्रतिक्रिया पेश गर्न सोमबार साँझ ६ बजेसम्म २४ घण्टाको समय दिइएको छ।

**भारत-श्रीलंका-राहत**

चक्रवाती तूफ़ानबाट भएको विनाशबाट पुन: निस्कन भारतले श्रीलंकालाई मानवीय सहयोग बढाएको छ। चक्रवातबाट सबैभन्दा बढी प्रभावित जिल्लाहरूमा विस्थापित मानिसहरूलाई सहयोग गर्न आपतकालीन राहत सामग्रीको नयाँ खेपहरू पुऱ्याइँदैछ। अपरेशन सागर बन्धु अन्तर्गत श्रीलंकालाई औपचारिक रूपमा जम्मा ३०० मेट्रिक टन आपतकालीन राहत सामग्री हस्तान्तरण गरिएको थियो। यो तमिलनाडु सरकारले पठाएको एक हजार टनको ठूलो सहायता प्याकेजको अंश हो।

**गोवा - गिरफ्तारी**

गोवा पुलिसले अर्पोरा नाइटक्लबमा भएको ठूलो आगलागीमा २५ जनाको मृत्यु र छजना घाइते भएपछि क्लबका महाप्रबन्धक र तीन कर्मचारीसहित चार जनालाई पक्राउ गरेको छ। पुलिसले क्लबका मालिक, प्रबन्धक र कार्यक्रम आयोजकहरू विरुद्ध एफआईआर दर्ता गरेपछि यो कदम चालिएको हो। २०१३ मा अर्पोरा-नाउआ पञ्चायतका सरपंचलाई पनि नाइटक्लब परिसरको लागि व्यापार लाइसेन्स जारी गरेको आरोपमा पक्राउ गरिएको थियो।

**महाराष्ट्र - शीतकालीन सत्र**

महाराष्ट्र विधानसभाको **शीतकालीन सत्र** आजबाट सुरु हुँदैछ।

विवरण हाम्रो संवाददाताबाट - **बाइट**

**हक्की - दक्षिण अफ्रिका भ्रमण**

पुरुष हक्कीमा, भारतले हिजो राति केप टाउनमा भएको तीन म्याचको शृङ्खलाको पहिलो खेलमा आयोजक दक्षिण अफ्रिकालाई ५-२ ले पराजित गऱ्यो। भारतका लागि शैलेन्द्र लाक्रा, आदित्य लालागे, अमित रोहिदास, हरमनप्रीत सिंह र दिलप्रीत सिंहले गोल गरे भने दक्षिण अफ्रिकाका लागि मुस्ताफा कासियम र भिभ म्बाटाले गोल गरे।

****** ० ******